सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिद्धलेक, धादिङ
बागमती प्रदेश, नेपाल

आ.व.: २०७९।०८०
च.नं. :

**स्थानीय सडक पूर्वाधार सेवा शुल्क संकलन सम्बन्धी शिलबन्दी दरभाउ पत्र पुन: आव्हानको संशोधित सूचना**
**तेस्रो पटक प्रकाशित मिति : २०७९।०८।०७**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ)(२) र यस सिद्धलेक गाँउ कार्यपालिकाको मिति २०७९।०७।२५ गतेको निर्णय अनुसार,सिद्धलेक गाउँपालिकाको चालु आ.व २०७९।०८० को बाँकी अवधिको लागि गाउँपालिका क्षेत्र भित्र तपसिलका स्थानीय ग्रामीण सडकहरुवाट **स्थानीय सडक पूर्वाधार सेवा शुल्क** संकलन ठेक्का माध्यमबाट गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधीनमा रही निम्नानुसारको कूल अंकमा नघट्ने गरी बढाबढको माध्यमवाट रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिएको हुँदा ईच्छुक फर्म वा कम्पनीवाट फर्म नवीकरण प्रमाण पत्र, आ.व. २०७८।०७९ करचुक्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि करदर्ता प्रमाण पत्र, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा प्रमाण पत्रहरुको प्रतिलिपि संलग्न गरी शिलवन्दी दरभाउ पत्र पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीका लागी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| क.सं | आय ठेक्का नं | सडकको नाम | | ठेगाना | न्युनतम अंक मु.अ.कर वाहेक |
|---|---|---|---|---|---|
| १ | ०१।२०७९।८० | १ | बैरेनी-अर्चले-पिपलनलाङ-ठाँटी-कमलावारी सडक , डुम्रेखोला-गहते – ठाँटी सडक र कालिदह रैजले ठाँटी सडक | सिद्धलेक १,२ र ३ | ३,००,०००।- |
| | | २ | बुङचुङ-आरुवास-भेडावारी-मैदान सडक | सिद्धलेक ४ | १,००,०००।- |
| | | ३ | परेवाटार-कुम्पुर भञ्ज्याङ-बागबच्छला-कालीदह सडक र परेवाटार-जरे -आदमटार सडक | सिद्धलेक ५, ६ र ७ | ३,५०,०००।- |
| | | ५ | जरेपुल आदमटार सडक | सिद्धलेक ७ | १,००,०००।- |
| | | ६ | घाटबेशी पिपलटार भालडाँडा सडक | सिद्धलेक ७ | १,००,०००।- |

राममणी मिश्र
प्रमुख प्रशासकीय अधिकृत

"आर्थिक सम्वृद्धि विकासको लागि पूर्वाधार - सिद्धलेक गाउँपालिकाको मूल आधार"

Scanned with CamScanner

सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

आ.व.: २०७९।०८०

च.नं. :

बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

**स्थानीय सडक पूर्वाधार सेवा शुल्क संकलन सम्वन्धी शर्तहरु**

१. दरभाउपत्र फाराम यो सूचना प्रकासित भएको मितिले ७ औ दिन कार्यालय समय भित्र यस कार्यालयको कुमारी बैंक लिमिटेड बुङचुङ शाखामा रहेको आन्तरिक राजश्व खाता नं ०८१००३५१२३१००००५ मा फारम दस्तुर बापत रु १०००। (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल बैंक भौचर संलग्न राखि वा यस कार्यालको राजश्व शाखामा नगदै दाखिला गरी दरभाउपत्र खरिद गर्नुपर्ने छ।

२. ८ औ दिनको १२:०० बजे भित्र उल्लेखित कुल अंकमा नघट्ने गरि शिलबन्दी सहित दरभाउपत्र पेश गरिसक्नुपर्ने छ। सोहि दिनको २:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधीको उपस्थितीमा गाउँपालिकाको कार्यालयमा शिलबन्दी दरभाउपत्रहरु खोलिने छ। दरभाउपत्रदाता वा प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। रितपूर्वक नभएको दरभाउपत्रहरुको मूल्यांकन गरिने छैन।

३. दरभाउपत्र पेश गर्दा दरभाउपत्रसाथ धरौटी बापतको रकम कबुल गरेको कूल अंकको ५% ले हुन आउने रकम यस कार्यालयको कुमारी बैंक लिमिटेड बुङचुङ शाखामा रहेको धरौटी खाता नं. ०८१००३५१२४६००००१ धरौटी खातामा जम्मा गरी सक्कल भौचर शिलबन्दी दरभाउपत्र संलग्न हुनुपर्ने छ।

४. प्रचलित कानून बमोजिम लाग्ने कर, मु.अ.कर तथा शुल्कहरु ठेक्का लिने व्यक्ति वा संस्था स्वयंले तिर्नुपर्ने छ।

५. तोकिएको दररेट भन्दा बढी दरमा कर उठाउन पाईने छैन।

६. स्थानीय सडक पूर्वाधार सेवा शुल्क सरकारी, एम्बुलेन्स, विद्यालय, कुटनीतिक नियोग र संस्थानका सवारी साधनहरुबाट शुल्कउठाउन पाईने छैन।

७. कुल कबोल अकलाई २ किस्ता कायम गरिने छ। पहिलो किस्ता बापत कूल कबोल अंकको ५०% रकम र थप बाकी ५०% को बैंक जमानत सम्झौता हुनुअगावै पेश गर्नुपर्नेछ । बैंक जमानत पेश गर्न नसके पुरै कबोल अंक अग्रीम दाखीला गरी सम्झौता गर्न सकिनेछ।

८. प्रथम किस्ता बापतको रकम यस कार्यालयको आन्तरिक राजश्व खाता नं ०८१००३५१२३१००००५ मा दाखिला गरेको सक्कल बैंक भौचर पेश भएपछि सम्झौता गरिने छ। ठेक्का सदर भएको व्यक्तिले तोकेको समयभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुने छ।

९. दरभाउपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट,मिनाहा,माफी दिईने छैन। शर्तमा उल्लेख नभएका अन्यकुराहरु नियमानुसार हुनेछ।

१०. दरभाउपत्र बडाबडको माध्यम भएकोले सबै भन्दा बढी कबोल गरेको दरभाउपत्र स्वीकार हुनेछ।

११. उठाउन पाउने कर तथा शुल्कको दर शिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भएको हुनेछ। यस सम्वन्धी थप बुझ्नुपर्ने भएमा सिधै गाउँपालिकाको कार्यालयमा सर्म्पक गरी वा गाउँपालिकाको website: www.siddhalekmun.gov.np मा पनि हेर्न सकिन्छ।

प्रमुख प्रशासकीय अधिकृत

रामप्रसाद मिश्र

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner